क्षेत्रीय अखबार
# पश्चिम नेपाल
-वर्षः २०, अङ्कः ६२, २०८२ साउन ३० गते शुक्रबार (15 Aug., 2025) -मूल्यः रु. ५।-, -पृष्ठ ४
सुदूरपश्चिममा सर्वाधिक बिक्री हुने पत्रिका
दैनिक

रमाईलो®
तपाईंको स्वास्थ्यको साथी
मैदा
बेकरी, म:म: र नुडल्स को लागी न.१
RP Agro Industries (P) Ltd
Godawari - 5, Dhangadhi, Kailali
9801700061/ 9801700011

## उत्तराखण्ड बाढीपहिरो : २१ नेपालीको अवस्था अझै अज्ञात

**-पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, २९ साउन**

भारत उत्तराखण्डको काशीपुर र पौडीगढवाल जिल्लामा क्लाउड ब्रस्ट (आरी घोप्टे) वर्षा पनि आएको बाढी तथा पहिरोमा परी २६ जना नेपाली बेपत्ता भएका छन् । काशीपुर जिल्लाको धरालीमा बाढीमा परेर २१ जना बेपत्ता भएका छन् भने पौडीगढवालका बंकुरामा पहिरोमा परी ५ जना बेपत्ता भएका छन् ।

दिल्लीस्थित नेपाली दुतावासका अनुसार धरालीमा बेपत्ता हुनेमा जनक बहादुर शाही, रवि सिंह, करण बहादुर सिंह, रोविन सिंह, गगन बहादुर, गोरख बहादुर, राम बहादुर शाही, हरि बहादुर खडका, प्रभाती, केशव, निर्मला खडका, लक्ष्मण, सुवास विक, रमेश र प्रिया रहेका छन् ।

यसैगरी दिपक मगर, सुरज राना, मान बहादुर, नीम बहादुर, रवि सिंह र राम बहादुर रहेको दुतावासले सार्वजनिक गरेको विज्ञप्तीमा उल्लेख छ । बेपत्ता भनिएका मध्ये अधिकांश जाजरकोटबाट सम्पर्कमा नआएका भनिएकाहरुको नामसँग मिल्दो छ। तर नाम र ठेगाना पूर्ण नहुँदा एकिन भन्न सकिने अवस्था भने छैन । यसैगरी पौडीगढवालको लैलीसैण ब्लकको बंकुरा गाउँमा अघिल्लो बुधबार पहिरोमा परी बर्दियाको मधुवन नगरपालिका-६ का नरेन्द्र खड्का, उनकी श्रीमती सन्ध्या र छोरा रोमन सँगै सोही वडाका अमृता परियार र बर्दियाकै गुलरिया नगरपालिका-४ का सुवास दमाई बेपत्ता छन् ।



पहिरोमा बेपत्ता भएकाहरुको खोजीका लागि आफन्तहरु गढवाल पुगे पनि नभेटिएपछि घर फर्किएका छन् । उनीहरु घर फर्केर किरियामा बसेका छन् । 'अब भेटिने सम्भावना नदेखेपछि घर फर्केर किरियामा बसेका हौं,' नरेन्द्रका काका उत्तमले भने, 'उताबाट खोजी भइरहेको छ भन्छन्, तर भेटिएलान् भन्ने आश छैन ।' 'एनडीआरएफ र एसडीआरएफको टीम हाम्रो क्याम्पनजिकै घर भाडामा लिएर बसेको छ,' पौडीगढवालमा रहेका बर्दियाकै चित्रबहादुर पौडेलले भने, 'एक महिनासम्म खोजी गर्ने भन्छन्, बिहीबार पनि सिन्धु नदीको किनारमा खोजी गरिरहेका थिए ।' उक्त क्षेत्रमा रहेका नेपालीहरु भने खोजीमा जान छाडेको उनले बताए । आफन्तहरु घर फर्किए अरु कोही बिरामी भएको र कोही काममा लागेको उनले बताए ।

उत्तराखण्डको सरकारको आपदा प्रबन्धन प्राधिकरणले धरालीको बाढमा कम्तीमा ६८ जना बेपत्ता भएको जनाएको छ। जसमा २५ जना नेपाली रहेको उल्लेख गरेको छ । तर उक्त २५ जनामा पौडीगढवालको पहिरोमा परी बेपत्ता भएका ४ जनाको समेत नाम समावेश गरिएको छ। 'धराली क्षेत्रमा बेपत्ताको खोजीका लागि उत्खनन्को काम भइरहेको छ, कुकुर समेत परिचालन गरिएको छ,' आपदा प्रबन्धन प्राधिकरणले जारी गरेको प्रेस विज्ञप्तीमा उल्लेख छ, 'आठ स्थानमा उत्खनन्को काम भइरहेको छ, तालिम प्राप्त कुकुर पनि परिचालन गरिएको छ।' हालसम्म १ हजार ३ सय ८ यात्रु र स्थानीयको उद्धार गरिएको छ । प्राधिकरणले भने हालसम्म १ जना स्थानीयको शव भेटिएको जनाएको छ। उद्धारका लागि एनडीआएर एफ, एसडीआरएफ, सेना र प्रहरीको टीम परिचालन भएको छ ।

यसका साथै स्थानीय प्रशासन पनि खोज उद्धारमा खटिएको छ। उद्धारका लागि चिनुक हेलिकप्टर परिचालन गरिएको छ। उद्धार गरेर धराली क्षेत्रमै र ाखिएकाहरुलाई भने सामुदायिक भान्सा सञ्चालन गरिएको छ । उक्त भान्सामा नेपालीहरु समेत

-बाँकी सामाचार पृष्ठ ४ मा

## बाजुरा बाढीले ११ घर बगायो, ७ घरमा क्षति



**-पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, २९ साउन**

बुधबार रातिको बाढीले हिमाली गाउँपालिका-१ विच्छ्यामा ११ घर बगाएको छ। विच्छ्या खोलामा बुधवार राति आएको बाढीले गाउँपालिकाको १,३ र ५ वडामा बढी क्षति गरेको हो । बाढीले ११ घर बगाएको, सात घरमा क्षति र १७ घर जोखिममा रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक देवबहादुर चौधरीले जानकारी दिए ।

उनकाअनुसार कवाडी प्रहरी चौकीको टोली बाढी प्रभावित क्षेत्रमा गएर तथ्याङ्क सङ्कलन गरेको हो । बाढीले सोही गाउँपालिका-१ का नरेन्द्रबहादुर बुढा, छञ्चलाल थापा, धनसिंह थापा, सब्बले थापा, लालबहादुर थापा, सुजलाल थापा, गोवतल थापाको घर, पसल र खेतबारीमा क्षति पुगेको छ ।

सोही गाउँपालिका-५ का नवराज बुढा, देवीलाल चदारा, विरवल चदारा, अजय चदारा, हिउँसरा ल्वार, अङ्गविर चदाराको घर बगाएको प्रहरी निरीक्षक चौधरीले जानकारी दिए । त्यसैगरी बलबहादुर चदारा, मुगा लुहार, देबीलाल बुढथापा, वीरभान लुहार र डवल लुहारको घर बगाएर लगेका प्रहरी निरीक्षक चौधरीको भनाइ छ । बाढीका कारण हिमाली गाउँपालिका-१ का विच्छ्याका सुजलाल थापा, धनसिंह थापा, जबैलाल थापा, धनबहादुर थापा, चन्द्रापति थापा, धर्मलाल थापा, बलचन्द्र थापाको घर जोखिममा छन्। स्थानीय उने थापा, लालसिंह बोहरा, डिलबहादुर थापा, हरिलाल थापा, भउरलाल थापा, चन्द्रवान थापा, र त्नपति थापा, गोबनल थापा, धर्मजीत थापा र लक्ष्मण थापाको घर पनि बाढीका कारण उच्च जोखिममा छन् ।

बाढीले सरकारी कार्यालय, विद्यालय र सार्वजनिक संरचनासमेतमा क्षति पुगेको छ । १ नम्बर वडा कार्यालय, विच्छ्या मावि, स्वास्थ्य चौकी, स्थानीय विद्युत लाइन् झोलुङ्गे पुल, नेटा र देउसैनको पानी घट्टसमेत जोखिममा छन् ।

बाढीले पु-याएको क्षतिको अवस्था अनुगमन गर्न गाउँपालिका अध्यक्ष गोविन्द्रबहादुर मल्ल नेतृत्वको टोली बाढी प्रभावित क्षेत्रमा पुगेको छ । अध्यक्ष मल्लको टोलीले तीन वटै वडामा बाढीले पुर्याएको क्षतिको अवस्था र प्रभावितको अवस्था बुझ्न विच्छ्या गएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कुलबहादुर थापाले बताए ।

## सुदूरपश्चिम विश्वविद्यालय
### केन्द्रीय कार्यालय
### महेन्द्रनगर, कञ्चनपुर

### स्नातक तह प्रथम सेमेस्टरमा विद्यार्थी भर्ना सम्बन्धी सूचना ।

(दोस्रो पटक सूचना प्रकाशित मितिः २०८२/०४/१५)

सुदूरपश्चिम विश्वविद्यालयका विभिन्न सङ्कायतर्फ सेमेस्टर प्रणालीमा आधारित स्नातक तहका निम्न अनुसारका शैक्षिक कार्यक्रमहरुमा शैक्षिक सत्र २०८२/८३ का लागि विद्यार्थी भर्नाको कार्यक्रम निम्नानुसार रहेको बेहोरा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सङ्कायहरू | शैक्षिक कार्यक्रमहरू | प्रवेश परीक्षा तथा भर्ना कार्यक्रम |
|---|---|---|
| मानविकी तथा सामाजिक शास्त्र | B.A., BCA | १. प्रवेश परीक्षा आवेदन फारम वितरणः २०८२ साउन तेस्रो हप्तादेखि<br>२. प्रवेश परीक्षा सञ्चालनः २०८२ भदौ तेस्रो हप्तादेखि (सम्बन्धित डीन कार्यालयद्वारा तोकिएको मिति अनुसार) ।<br>३. विद्यार्थी भर्ना कार्यक्रमः २०८२ भाद्र तेस्रो हप्तादेखि (सम्बन्धित डीन कार्यालयद्वारा तोकिएको मिति अनुसार) ।<br>४. पठनपाठन प्रारम्भः २०८२ कात्तिक तेस्रो हप्तादेखि ।<br>५. सत्रान्त परीक्षाः २०८२ चैत दोस्रो हप्ता<br>६. नतिजा प्रकाशन क्रमशः २०८३ जेठ महिनाभित्र |
| व्यवस्थापन | BBA, BBS / BHM | |
| शिक्षाशास्त्र | B.Ed./B.Ed. CSIT | |
| विज्ञान तथा प्रविधि | B.Sc./B.Sc. CSIT, BIT | |
| इन्जिनियरिङ | B.E. Civil, B.E. Computer/B.Arch. | |
| कानुन | B.A. LL.B | |
| कृषि विज्ञान | B.Sc. Ag. | |
| प्राकृतिक स्रोत व्यवस्थापन | B.Sc. Forestry | |

स्वास्थ्य विज्ञान सङ्काय तर्फको भर्ना कार्यक्रम चिकित्सा शिक्षा आयोगको सूचना अनुसार हुनेछ । अन्य विस्तृत जानकारीका लागि सम्बन्धित डीन कार्यालय/केन्द्रीय विभाग/क्याम्पसहरूमा सम्पर्क गर्न सकिनेछ ।

रजिस्ट्रार

# कैलाली कारागार घटनापछि सीडीओसंगै जेलर पनि फेरिए

**–पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, २९ साउन**

कैलालीका प्रमुख जिल्ला अधिकारी गोगन बहादुर हमाल गृह मन्त्रालय तानिएका छन् । कारागारको घटनापछि हमाल मन्त्रालय तानिएका छन् भने कैलालीको प्रमुख जिल्ला अधिकारीको जिम्मेवारी दाङका सीडीओ कृष्णप्रसाद लम्सालले पाएका छन् ।

गृह मन्त्रालयले लम्साललाई हमालको ठाउँमा सीडीओ पठाएको हो । कैलालीका सीडीओ हमालको बुधबार गृहमा सरुवा भएको जिल्ला प्रशासन कार्यालयका सूचना अधिकारी शिवराज जोशीले जानकारी दिए । उनका अनुसार नयाँ सीडीओ लम्साल बिहीबार साँझसम्म वा शुक्रबारसम्म कैलाली आइपुग्ने छन् ।

गएको शुक्रबार मध्यराति कारागारमा ब्लक ए का कैदीले ब्लक बी का कैदीमाथि आक्रमण गरेका थिए । त्यस हिंसात्मक झडपमा धनगढीका ४० वर्षीय भारत चौधरीको ज्यान गएको थियो । ४७ जना कैदी घाइते भएका थिए ।

कारागार घटनापछि तत्कालीन जेलर वसन्त खत्रीलाई पनि सरुवा गरिएको थियो। घटनाका बेला खत्री बिदामा थिए। नयाँ जेलरमा जालन्धर भुसाल आएका छन् । कारागार घटनामा सुरक्षा संयन्त्र चुकेको आरोप छ। पटक पटक कारागारमा विवाद हुँदा पनि साम्य पार्न नसकेको र सुरक्षा व्यवस्थापन गर्न चुकेको आरोप छ। कैलाली कारागारको विषयमा १९ साउनमा मानव अधिकार आयोगले जिल्लाको सुरक्षा सयन्त्र, गृहमन्त्रालय हुँदै प्रधानमन्त्री कार्यालयको ध्यानाकर्षण गराएको थियो ।

कारागारका ५९० कैदीले संयुक्त हस्ताक्षर गरेर आयोगमा निवेदन दिएपछि कारागार प्रशासन र कैदीबन्दीहरूको आन्तरिक प्रशासनबीचको सम्बन्धका कारण देखिएका समस्याको समाधान खोजी, कारागार व्यवस्थापनमा सुधार, कारागार भित्र कानून विपरितको आर्थिक लेनदेन र अनियमितता, कारागार प्रशासनबाट चौकीदार नाइके समेतको समन्वय तथा जानकारी बेगर कानूनी प्रक्रिया विपरित कैदीबन्दीहरूलाई बाह्य व्यक्तिहरूसँग सम्पर्क गर्न लगाइ मनमुटाव मुठभेडको अवस्था सृजना गर्न खोजिएको भन्दै आयोगले ध्यानाकर्षण गराएको थियो ।

कारागारभित्र लागुऔषध बिक्री वितरण तथा तस्करी गर्ने गरी भइरहेको योजना, कारागारको आन्तरिक व्यवस्थापनका लागि बन्दीहरूमध्येबाट चौकीदार, नाइके, भाइ नाइके चयन बन्दीहरूको सहभागितामा पारदर्शी ढंगबाट हुनुपर्ने, कैदी स्थानान्तरणको विषय परिवारलाई जानकारी हुनु पर्ने भन्दै बन्दीहरूले आयोगमा निवेदन दिएका थिए ।

# नयाँ र युगान्तकारी कामको योजना ल्याउन मन्त्रीहरूलाई प्रधानमन्त्रीको निर्देशन

**–पश्चिम नेपाल संवाददाता**
**काठमाण्डौं, २९ साउन**

प्रधानमन्त्री केपी शर्मा ओलीले नयाँ र युगान्तकारी (गेम चेन्जर) काम गर्न सबै मन्त्री र सचिवहरूलाई निर्देशन दिएका छन्। सिंहदरबारमा मन्त्रालयगत वार्षिक प्रगति समीक्षा तथा कार्यसम्पादन सम्झौता आदानप्रदान कार्यक्रममा प्रधानमन्त्री ओलीले उत्पादकत्व बढाउने र गरिबीको दुष्चक्रमबाट मुलुकलाई बाहिर ल्याउने गरी तीव्रताका साथ कानम गर्नुपर्नेमा जोड दिएको उनले बताए ।

आगामी मंसिरभित्र दैलेखको मिथेन ग्यासको परीक्षण उत्पादन गराउन, चीनमा निर्यात गर्ने गरी सबै किसानलाई व्यावसायिक भैंसी पालन गराउन, खेतीमा अर्ग्यानिक अभियान सञ्चालन गर्न, सामाजिक सञ्जाललाई कानुनी दायरामा ल्याउन, ज्येष्ठ नागिरक संवाद भवनहरू बनाउन, दसौं राष्ट्रिय खेलकुद प्रतियोगिता समयमा आयोजना गर्न, कीर्तिपुर क्रिकेट रंगशाला छिटो निर्माण सक्न, भक्तपुरमा ठूलो रंगशाला निर्माणको तयारी गर्न सम्बन्धित मन्त्रीहररूलाई ध्यानाकर्षण गराए। उनले अन्तरिक्षमा नेपालको आफ्नै अर्बिटलाई उपयोग गर्न, आफ्नै रेल र सेक्युरिटी प्रेस सञ्चालनमा ल्याउन आग्रह गर्दै रेलवे विस्तार गर्न, सुनकोसी-मरिन, भेरी-बबई तथा काठमाडौं-तराई मधेस द्रुत मार्गजस्ता आयोजनाको काम छिटो सक्न, योग-आरोग्यताको अभियान सञ्चालन गर्न र मापदण्डका आधारमा कर्मचारीको सरुवा गर्न पनि मन्त्रीहरूलाई आग्रह गरे ।

'मेरा यी कुराहरू प्रतिनिधिमूलक मात्रै हुन् एवं रितले सबै मन्त्रीहरूले आफ्नो मन्त्रालयमा के नयाँ र परिवर्तनकारी काम गर्न सकिन्छ योजना बनाउनुस्, आउने भदौको अन्तिमतिर फेरि बसेर त्यस्ता काम निर्धारण गरेर अगाडि बढौं। मौलिक ढंगले हामी अघि बढ्नुपर्छ। साँच्चै माइस्टोन हुने खालका काम गरौं,' प्रधानमन्त्री ओलीले भने ।

कार्यक्रममा चालु आर्थिक वर्षमा गरिने मुख्य काम र हासिल हुने उपलब्धिका विषयमा प्रधानमन्त्री र मन्त्रीहरूबीच कार्यसम्पादन सम्झौता भएको थियो । 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकांक्षा पूरा गर्न थालिएका पूर्वाधार निर्माण तथा सेवा प्रवाहमा सुधारका कार्यहरू तोकिएको समयमा सम्पन्न गर्न कार्यसम्पादन सम्झौताको अभ्यास प्रधानमन्त्री ओलीको विगतको कार्यकालमा आरम्भ गरिएको हो ।

# शिक्षा विधेयक बिरुद्ध निजी विद्यालयका संचालक आन्दोलित



**–पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, २९ साउन**

सरकारले ल्याउन लागेको विद्यालय शिक्षा ऐन बिरुद्धमा निजी विद्यालयका संचालक आन्दोलित भएका छन । संघीय संसदको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधी समितिबाट पारित गरिएका केही बुँदाहरुमा असहमती जनाएर निजी विद्यालयका संचालकहरु आन्दोलित भएका हुन ।

कञ्चनपुर सहित देशभर निजी विद्यालयहरु साझा संगठन प्याब्सन र एन प्याब्सनले संयुक्त रुपमा आन्दोलन थालेको जनाएका छन । विधेयकमा निजी विद्यालय क्रसम गैर नाफामुलक बनाईनेछ। पूर्ण छात्रबृति राखेपछि प्याब्सन र एनप्याब्सनले उक्त बुद्दा खारेजीको माग अघि सारेर देशभर आन्दोलनमा उत्रिएको जनाएको छ ।

देशभर आन्दोलनका कार्यक्रम अर्न्तरगत कञ्चनपुरमा पनि पहिलो दिन स्थानीय सरकारलाई ज्ञापन पत्र बुझाएका छन । प्याब्सन कञ्चनपुरका अध्यक्ष महादेव भट्टले केन्द्रीय कार्यक्रम अनुरुप कञ्चनपुरका ९ वटै पालिकामा संयुक्त रुपमा पालिका प्रमुख र शिक्षा शाखा प्रमुखहरुलाई ज्ञापन पत्र बुझाएको बताए ।

'अहिले हामीले प्याब्सन र एनप्याब्सन दुवै समिति मार्फत पालिका तहमा ज्ञापन पत्र बुझाएका छौं, 'उनले भने, 'आगामी दिनमा पनि निरन्तर आन्दोलन गर्छौं, विद्यालय बन्द नै गरेर आन्दोलन गर्नुपर्ने बाध्यता नआवस हाम्रो चाहना छ ।' एनप्याब्सन कञ्चनपुरका अध्यक्ष सत्येश बहादुर चन्दले निजी विद्यालयमाथि राज्यले अन्याय गर पछि विगतका बर्षहरु जस्तै यस बर्षपनि आन्दोलनमा उत्रिएको बताए ।

प्याब्सन भीमदत्त नगरका अध्यक्ष उपेन्द्र प्रशाद जोशीले विधेयकमा समावेस गरिएका बुँदा नहटाउन्जेलसम्म आन्दोलन जारी राख्ने बताए । उनका अनुसार निजी विद्यालयलाई क्रमस गैरनाफामुलक बनाईने, पूर्ण छात्रबृति भन्ने शब्द हटाउनुपर्ने, हाल अभ्यासमा रहेको कुल विद्यार्थी संख्याको आधारमा १० प्रतिशत छात्रबृति दिने प्रावधान निरन्तरता दिनुपर्ने, छात्रबृति अर्न्तरगत भर्ना, शुल्क, बार्षिक शुल्क र मासिक पढाई शुल्क कायम हुनुपर्ने बताए ।

एनप्याब्सन भीमदत्तनगरका अध्यक्ष दिजराज भट्टले शैक्षिक गुणस्तर प्रदान गर्दै आएका निजी विद्यालयमाथि सरकारबाट अन्याय भएको हुँदा बाध्य भएर आन्दोलनमा उत्रिनु परेको बताए ।


प्याब्सन नेपालका केन्द्रीय सदस्य अम्मराज भट्टले विद्यालय बन्द गरेर आन्दोलनमा उत्रिनुपर्ने जोडदिनुपर्ने बताए । उक्त समय सीमाभित्र भद्र रूपमा गरिएको आन्दोलन, सचेतना, ज्ञापनपत्र बुझाउने, अन्तरक्रिया र छलफलबाट निकास ननिस्किए विद्यालय बन्दसम्म गरेर आन्दोलनमा उत्रिने चेतावनी दिए । २९साउनदेखि ७ भदौं ०८२ सम्म निरन्तर आन्दोलन गर्ने छन ।

श्रावण ३० गते शुक्रवार ११ बजे प्याब्सन सदस्य एवम् पत्रकारहरूको व्यापक उपस्थितिमा जिल्ला प्रशासन कार्यालय, शिक्षा विकास तथा समन्वय इकाई जिल्ला समन्वय मितिको कार्यालयमा ज्ञापन पत्र बुझाउने, भाद्र १ गते, आईतवार ११ बजे प्याब्सन सदस्य तथा पत्रकारहरूको व्यापक उपस्थितिमा प्रदेशमा मुख्यमन्त्री सामाजिक विकास मन्त्रालयलाई ज्ञापनपत्र बुझाउने, भाद्र २ गते आ-आफ्नो निर्वाचन क्षेत्रका संघीय प्रतिनिधि सभा राष्ट्रिय सभाः सांसदहरूलाई प्याब्सन सदस्य र पत्रकारहरुको व्यापक उपस्थितिमा ज्ञापनपत्र बुझाउने, भदौं २ गते सोमबार ५:३० बजे बेलुका सुझाव संकलनका लागि राष्ट्रिय परिषदको जूम बैठक वस्ने, हरेक पालिकामा पालिकास्तरीय समितिको आन्दोलन तयारी बैठक बस्ने भएको छ ।

भाद्र ४ गते प्रत्येक जिल्लामा जिल्लास्तरीय समितिको आन्दोलन तयारी बैठक बस्ने, भाद्र ५ गते सातै प्रदेशमा प्रदेशस्तरीय समितिको आन्दोलन तयारी बैठक बस्ने, भाद्र ६ र ७ केन्द्र र प्रदेश स्तरमा सरोकारवालाहरू अन्तरक्रिया गर्ने कार्यक्रम रहेको छ ।


आनन्द हाँसिपटल एण्ड रिसर्च सेन्टरमा सबै सुविधा

डा. भावेश
M.B.B.S.,M.D.(Medicine)
Physician Fellowship in
Echocardiology Fellowship in
Diabetes & Endrocrinologyu,
(जनरल मेडिसिन) हृदय, श्वास एवं सुगर रोग विशेषज्ञ




प्रत्येक दिन

डा. कुलदिप MBBS, MS
(Surgery)
(जनरल एवं ल्याप्रोस्कोपि सर्जन)



प्रत्येक दिन

डा. अभिनव कुमार कटियार
M.B.B.S., D.D.V.L
( डर्मोटोलोजी)
छाला, रसौं, नङ, मुहासे, झाईया, सेतो दाग, कन्सलटेन्ट डर्मेटोलोजिष्ट एण्ड ट्राइकोलोजिष्ट रौं ट्रान्सप्लान्ट सर्जन एवं चर्म रोग, कुष्ठ एवं गुप्त रोग विशेषज्ञ



प्रत्येक मंगलबार

सुविधाहरूः I.C.U. प्याथोलोजी, ई.सी.जी., डिजिटल एक्स-रे, सी-आर्म, नेबुलाईजर, कार्डियक मोनिटर, बाईपैप, सी.पेप, भेन्टिलेटर, क्यान्टिन र बिरामी भर्ना सुविधा तथा औषधीहरु आदि ।

आयुष्मान, टी.पी.ए., ई.एस.आई. कार्ड धारकको र Assam Rifles, CISF, CRPF, ITBP, NSG, RPF, SSB, SFF, SPG, RAF का जवान र उनका परिवारको कैशलेस उपचारको सुविधा ।

चौबिसै घण्टा इमरजेन्सी सुविधा

लुटपाटको कुनै पनि डर नभएको र हाम्रो यहाँ नेपाली रूपैया पनि स्वीकार गरिन्छ ।

सम्पर्क स्थानः आनन्द हाँसिपटल एण्ड रिसर्च सेन्टर
सितारगञ्ज रोड खटिमा, ०५९४३-२५२७००, २५१४८५, ९६७५५३३३३३, ९४१०३४०५८५

आया टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो,
इन्दै विन्ती गरुन् झुकेर पाउमा त्यो विन्ती मान्दैन त्यो ।

# भावपूर्ण श्रद्धाञ्जली



**जन्मः**

**वि.सं. २०१८ साल असोज १८ गते**

**स्वर्गारोहणः**

**वि.सं. २०८२ साल श्रावण २१ गते**

## स्व. तेज बहादुर भण्डारी

हाम्रा अनन्य मित्र, नेपाल पत्रकार महासंघका पुर्व उपाध्यक्ष तथा अग्रज पत्रकार एवं समाजसेवी **तेज बहादुर भण्डारी**को २०८२ साउन २१ गते ६४ वर्षको उमेरमा असामायिक निधनको खबरले हामी स्तब्ध भएका छौं । यस दुःखद घडीमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भन्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौ ।

---

**लक्ष्मण दत्त पन्त**

**प्रकाशक/सम्पादक एवं**

क्षेत्रीय अखबार

**पश्चिम नेपाल** दैनिक

सुदूरपश्चिममा सर्वाधिक बिक्री हुने पत्रिका

**परिवार, महेन्द्रनगर, कञ्चनपुर**

# उत्तराखण्ड बाढीपहिरो : २१ नेपालीको...

रहेका छन् । दुतावासका अनुसार १३ जना नेपालीको उक्त क्षेत्रबाट उद्धार गरिएको छ । 'अहिलेसम्म उत्तराखण्डमा बेपत्ताको सख्या २६ र उद्धार गरिएकाहरुको संख्या १३ उपलब्ध भएको छ,' दिल्लीस्थित नेपाली दुतावासका काउन्सिलर प्रकाश मल्लले भने, 'खोजी तथा उद्धारका काम अहिले पनि जारी छ, पछिल्लो समय फोन सेवा सुचारु भएपछि खोजी झनै तीब्र पारिएको छ ।' उनका अनुसार धराली क्षेत्रमा उद्धार गरिएका नेपालीहरु सोही क्षेत्रमा सुरक्षित स्थानमा राखिएको छ । उनीहरुका लागि खानाका लागि सामुदायिक भान्साको व्यवस्था गरिएको छ ।' गत साता धर ाली क्षेत्रमा क्लाउड ब्रष्टपछि खीरगंगा नदीमा आएको भीषण बाढीले धराली बजार तहसनहस गरेको थियो । उक्त बजारमा रहेको घर तथा होटलहरु पुरिएका छन् भने कतिपय बगाएर भागिर थी नदीमा लगेको थियो । तिनै होटेल तथा घर मा बसेकाहरु अहिले बेपत्ता भएका हुन सक्ने अनुमान गरिएको छ । धराली गंगोत्री मार्गमा पर्ने अन्तिम बजार हो । गंगोत्री यात्रामा जानेहरु यहाँ होटलमा बास बस्ने तथा बिश्राम गर्ने गर्छन् । यतिबेला गंगोत्री यात्रामा जाने सिजन पनि हो । गंगोत्री यात्रामा जानेहरु समेत धरालीको बाढीमा परेको हुन सक्ने अनुमान गरिएको छ ।

**खोज्न नसके मृत्युदर्ता गरिदिन बेपत्ताका आफन्तको माग**

गुलरिया नगरपालिका-२ संगमबस्तीका सोमबहादुर दमाईले उत्तराखण्डको पौडी गढवालमा साउन २१ गते पहिरोमा परी बेपत्ता भएका छोरा सुवासको नौ दिनको किरिया बिहीबार सके ।

दमाई घटना लगत्तै पौडी गढवाल गएका थिए । चार दिन घटनास्थलम आसपास खोज्दा छोराको पाइन्ट फेला परेको दमाईले बताए । जिवित भेटिने आश नभएपछि घर फर्केर किरिया गरेको उनले बताए । सडक निर्माणको काममा मजदुरी गर्न गएका बर्दियाका ५ जना पौडी गढवालको सिन्धु खोलानजिक बाकुडामा पहिरोमा परी बेपत्ता भएका छन् । सरकारले खोजीका लागि भारत सरकारसँग पहल गर्नुपर्ने नभए मृत्यु दर्ता गरिदिनुपर्ने उनीहरुको माग छ ।

सुकुम्बासी बस्तीमा बस्दै आएका दमाइले गडवालमै रहेका नेपाली कामदारहरुका अगुवा चित्रबहादुर पौडेलले बाटो खर्च वापत १० हजार भारुबाट बचेको रकमले किरिया गरेको बताए । गुलरिया-२ का वडाध्यक्ष टंकप्रसाद अधिकारीले मृत्युदर्ता प्रमाणित नभएसम्म राहतलगायतका सुविधा दिन नमिल्ने बताए । भारत सरकारले मृत्यु भएको प्रमाणित गरे राहतका लागि पहल गर्ने उनले जनाए । विपद्का घटनामा परेर मृत्यु दर्ता भए उत्तराखण्ड सरकारले ५ लाख भारतीय रुपैयाँ सहयोग गर्छ ।

तीन वर्षअघि मजदुरी गर्न भारतको पञ्जाव, कुमाउ, रामनगर पुगेका सुवास घटना भएको २९ दिनअघि मात्रै पौडी गढवाल पुगेका थिए । दमाइ परिवार ०५८ मा बर्दियाको खैरी चन्दनपुर बाट वन क्षेत्रमा रहेको संगम बस्तीमा झुपडी बनाएर बस्दै आएको छ ।

मधुवन-६ गाउँ नम्बर ४ का ३९ वर्षीय नरेन्द्र खड्का, ३२ वर्षीया श्रीमती सरस्वती र २२ महिनाको छोरा रोमन पनि पाँच दिन खोजी गर्दा फेला नपरेपछि सोमवारदेखि काका उद्धवले किरिया गरिरहेका छन् । नरेन्द्रका बाबु चुडामणिले मृत्युदर्ता नभएका कारण राज्यको राहतबाट बञ्चित हुनुपर्ने अवस्था आउने बताए । 'घटनास्थल नजिकै छोराको हात भेटिएकोले तीनै जना बाँचेको जस्तो छैन, कम्तीमा नेपाल सरकारले भारतसँग पहल गरेर मृत्यु घोषणा गर्नु पर्‍यो नत्र जिवित देखाउनु पर्छ,' उनले भने ।

मधुवन-६ गाउँ नम्बर ८ का रामु परियार की श्रीमती अमृता पहिरोमा बेपत्ता भएपछि भेटिन आश मारेपछि सोमबारदेखि छोरा अजय र बुहारी विमला किरियामा छन् । रामुकी छोरी पुजाले मजदुरी नगरी घर खर्च नचल्ने परिवारमा यो घटनापछि बिजोग भएको बताइन् ।

मधुवन नगर प्रवक्ता एंव वडाध्यक्ष मेकबहादुर गुरुङले कानुनी जटिलताले मृत्यु भएको प्रमाण नभएसम्म राहतलगायतका सुविधा दिन समस्या भएको बताए । 'पहिरोमा बाँचेका जस्तो त छैन, मानवीय नाताले कार्यपालिकाको बैठकमा छलफल गरी यसबारे निर्णय लिने छौं,' उनले भने ।

## के तपाईलाई थाहा छ ?

-हुलाकले चिठीपत्र मात्र होइन, समान पनि बोक्छ नि । -तपाईको २० केजीसम्मको समान देशभरि जुनसुकै जिल्लामा पठाउन सकिन्छ ।
-पठाएको समान वा चिठी पत्र कहाँ पुग्यो भनेर आफ्नै मोबाइलबाट tracjimg गर्न सकिन्छ ।
-साथै विश्वका सम्पूर्ण देशहरुबाट समान (Parcle) नेपालमा प्राप्त गर्न सकिने र नेपालबाट ७१ देशका ९३ गन्तव्यमा पठाउन सकिने ।

जिल्ला हुलाक कार्यालय कञ्चनपुर

## ट्रान्सकिप्ट सर्टिफिकेट हराएको सुचना

मनिसा नाथको नाममा रहेको रजिष्ट्रिसन नं. ७४७४२१०८२ को राष्ट्रिय परीक्षा बोर्डको ट्रान्सकिप्ट सर्टिफिकेट यही मिति २०८२ साउन १५ गते महेन्द्रनागर बजारमा हराएको हुँदा पाउनुहुने महानुभावले निम्न नम्बरमा सम्पर्क गरिदिन हुन अनुरोध गरिन्छ ।

मो.९८०१८८५९४४


## छानको बालुवा र गिट्टी चाहिएमा ।



यस सिद्धनाथ उदयदेव अनमोल क्रसर उधोगले अत्याधुनिक प्रविधियुक्त मेसिन बाट प्रशोधित उच्चस्तरिय महाकाली नदीको गिट्टी बालुवा, जीरा अब बजार रेट भन्दा सस्तो सर्वसुलभ गुणस्तरीय उत्पादन सुरु भएको जानकारी गराउँदछौं । साथै एकपटक सेवाको मौका दिनुहोस् ।

हाम्रा उत्पादनहरु

बेश 40 m.m, 20 m.m. Down, 12 m.m. Down, 6m.m. जीरा, 15 m.m. Natural

**सिद्धनाथ उदयदेव अनमोल क्रसर उद्योग**
वेदकोट-९, सुन्दरपुर, कञ्चनपुर
सर्म्पक नं. ९८५११४०६३६, ९८५१०१८०७८, ९८५८७५००९८, ९८४८८७८६७७

## विशेषज्ञ डाक्टरहरू सौजन्य मेडिकलमा

**डा. रवि स्वार**
M.B.B.S., M.S., (E.N.T.)
बरिष्ट नाक, कान, घाटी रोग विशेषज्ञ
*प्रत्येक महिनाको पहिलो शनिबार*

**डा. सुमित पाण्डेय**
M.D. डर्मा, बरिष्ठ छाला, यौन तथा सौन्दर्य विशेषज्ञ, नेपालगञ्ज मेडिकल कलेज
*प्रत्येक महिनाको पहिलो शनिबार*

**डा. मोहन बेलबासे**
M.D. साइकेट्रिक, बरिष्ठ मानसिक नशारोग विशेषज्ञ, नेपालगञ्ज मेडिकल कलेज शिक्षण अस्पताल
*प्रत्येक महिनाको दोस्रो शनिबार*

**डा. निराजन दत्त शर्मा**
M.D.-1020 NMC
पेट छाति तथा मुटु रोग विशेषज्ञ, पुर्व कार्यरत ग्राण्डी ईन्टरनेशनल हस्पिटल काठमाण्डौ
*प्रत्येक महिनाको अन्तिम शनिबार*

**डा. धर्मनाथ यादव**
M.D. (कार्डियोलोजी) इन्टरभेसनल कार्डियोलोजी (मेदान्त अस्पताल), वरिष्ठ मुटुरोग विशेषज्ञ शहीद गंगालाल हृदयरोग केन्द्र, काठमाडौं
*हरेक महिना तेस्रो शुक्रबार र शनिबार*

*सुविधाहरू: TMT अल्ट्रासाउन्ड, इको कार्डियोग्राफी, डिजिटल, ई.सी.जी., एक्स-रे, कानको सुनाई परीक्षण, घाँटीको इन्डोस्कोपी छालाको जाँच, ल्याब सुविधातथा औषधीहरु आदि ।*

**सम्पर्क स्थान: सौजन्य मेडिकल तथा क्लिनिक**
**गल्ली नं. ३ (पुरानो पाटनी मेडिकल), महेन्द्रनगर, कञ्चनपुर, फोन: ०९९-५२२६६६, ५२३४३५**

**लाईफ केयर प्याथोलोजी अब विशेषज्ञ चिकित्सक समुहको साथमा विशेषज्ञ सेवा**

लाईफ केयर प्याथोलोजी द्वारा विशेषज्ञ चिकित्सक समुह को साथमा विशेषज्ञ सेवाका साथ लाईफ केयर क्लिनिक खुलेकै जानकारी गराउँदछौं ।

**डा. केशव भट्ट**
MBBS, MS Orthopedics
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

**डा. शक्ति नृसिंह यादव**
MBBS, MD (Pediatric)
वरिष्ठ नवजात तथा बालरोग विशेषज्ञ

**डा. प्रशान्त भट्ट**
MBBS, MS (ENT)
नाक, कान, घाटी तथा थाइरोइड रोग विशेषज्ञ

**डा. शोमनाथ भण्डारी**
MBBS, MD/MS (Obs,Gyne)
वरिष्ठ महिला तथा प्रशुति रोग विशेषज्ञ

**डा. निर्मल अमर सिंह थापा**
MBBS, MS (General Surgeon)
हाइड्रोसिल, हर्निया, बावासिर, पेट रोग विशेषज्ञ

**लाईफ केयर क्लिनिक**

099-590232, 9828052023, 9858650360, 9848723066 /lifecarepath


मिडीया नेपालका लागि प्रकाशित पश्चिम नेपाल दैनिक, संस्थापक/सम्पादकः **अशोक प्र. पाण्डेय**, प्रकाशक/प्रधान सम्पादकः **लक्ष्मणदत्त पन्त**, अतिथि सम्पादकः **मेनुका विष्ट 'बस्नेत'**, पुर्व सम्पादकः स्व. **कर्ण बोहरा**, कार्यकारी सम्पादकः **नृगबहादुर शाह**
कार्यालयः गल्ली नं. ५ क्याम्पसरोड, महेन्द्रनगर, फोनः ०९९-५२५६२५,मो.९८४८८८५२४३,९८०१३७९५४३ फ्याक्स ०९९-५२३८४९ इमेलः westnepaldaily@gmail.com, मुद्रकः जगदम्बा छापाखाना गल्ली नं. ३, महेन्द्रनगर, ०९९-५२३९७७